# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोनः ०११-१४१२१११२, ०११-१४१२१११३, ०११-१४१२१११४


पत्र संख्या २०८०/०८१

च. नं. 2986

मिति - २०८१/०३/१४

### मेलमिलापकर्ता सूचीकृत तथा अध्यावधिक गर्ने सम्बन्धी सूचना

मण्डनदेउपुर नगरपालिकाबाट जारी न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) र (२) बमोजिम मेलमिलाप हुनसक्ने प्रकृतिका उजुरीका सम्बन्धमा कार्यविधिको दफा ५९ र ६० को प्रयोजनार्थ मेलमिलाप गराउन सूची तयार गरी नगर सभावाट अनुमोदन गर्नुपर्ने भएको हुँदा, आ. व. ०८१/०८२ को लागि सूचीकृत तथा अध्यावधिक हुन यो सूचना जारी गरिएको छ। मण्डनदेउपुर नगरपालिकाभित्र रहनुभएका आधारभूत तालीम प्राप्त मेलमिलापकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र वडामा रहेको मेलमिलाप केन्द्रमा सम्पर्क राखी आवेदन फाराम भरी न्यायिक समितिको सचिवालयमा पेश गर्नुहुन सूचित गरिन्छ।

**आवश्यक न्यूनतम योग्यता**

१. स्नातक तह उत्तीर्ण गरेको,
२. राजनीतिमा सक्रय नरहेको,
३. **मेलमिलाप सम्बन्धी ४८ घण्टाको तालीम प्राप्त गरेको** ,
४. २५ बर्ष उमेर पूरा भएको, स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको।
५. माथि योग्यतामा जुनसुकै कुरा लेखिएको भएतापनि तालीम प्राप्त गरी हाल सामुदायिक मेलमिलापकर्ताको रुपमा काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,
३. मेलमिलाप सम्बन्धी तालीम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,
४. पासपोर्ट साईजको फोटो दुई प्रति।

पुनश्चः आ. व. २०८०/०८१ मा सुचिकृत भएका मेलमिलापकर्ताहरुले समेत पुनः सूची अध्यावधिक गर्नुपर्ने व्यहोरा अनुरोध छ।

२०८१/०३/१४

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत